गाउँसभाको बैठकमा उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

श्री मनकुमारी बुढा (विष्ट)ज्यूबाट प्रस्तुत

आ.व. २०७६/०७७ को

वार्षिक बजेट वक्तव्य

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुकुम (पूर्व)

असार १०, २०७६

आ र्थक वर्ष २०७६।०७७ को वा र्षक बजेट वक्तव्य

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको प्रतिनिधि संस्था संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई राज्य पुनर्संरचना बमोजिम स्थानीय तहको सरकारको हैसियतले दुई वर्षको अभ्यास र अनुभवका आधारमा तेस्रो पटकको बजेट यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा थोरै परिपक्वता र धेरै गौरवको अनुभूति गरिरहेको छु ।

२. यस विशेष अवसरमा सर्वप्रथम म देशको आमूल परिवर्तनका लागि नेपाली जनताले विभिन्न कालखण्डमा गरेका ऐतिहासिक जनआन्दोलन, संघर्ष तथा महान जनयुद्ध लगायत अन्य सबै आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् शहीदहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धान्जली प्रकट गर्दछु । साथै, घाइते तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

३. स्थानीय तहको गठन पश्चात संघीयता कार्यान्वयन र लोकतन्त्र संस्थागत हुनुका साथै जनप्रतिनिधिहरु मार्फत स्थानीय स्तरको मागमा आधारित विकास र शासन संचालनमा जनता आफै प्रत्यक्ष सहभागी हुने अवसर प्राप्त भएको छ। हाम्रो लागि संघीयता र स्थानीय तहको सरकार कार्यान्वयन अभ्यासका दृष्टिकोणले केही नयाँ छ भने कार्यान्वयन विकसित हुने चरणमा भएकाले स्थानीय सरकारका सबै संयन्त्रहरु अझै पनि परिपूर्ण नभएको अवस्था छ । यसर्थ, हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएता पनि विगत गौरवपूर्ण छ, र हाम्रो भविष्य उज्वल र सम्भावनायुक्त छ ।

४. हाम्रो विकासका लागि हामी आफैले नै छनौट र कार्यन्वयन गर्न संवैधानिक रुपमा अधिकार सम्पन्न भएकाले पनि स्थानीय तहको सरकारलाई साधन स्रोत सम्पन्न बनाउन आवश्यक छ । स्थानीय सरकार सञ्चालनको सुरुवातीकै चरणमा भएकाले नवीनतम् सोँच र अधिकतम् प्रयासले स्थानीय तहको जग बलियो बनाउने विशेष अवसरको रुपमा पनि लिएको छु ।

५. नेपाल सरकारले लिएको **समृद्ध नेपाल, सुखी नेपाली** नारालाई सार्थक तुल्याउन सामाजिक न्याय सहितको तीव्र र दिगो विकास, सुशासन सहितको जनउत्तरदायी सरकार र सुसंस्कृत समाज निर्माण गर्दै लोकतन्त्र तथा समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि भरपुर योगदान गर्न भूमे गाउँपालिका प्रतिवद्ध छ ।

सभाअध्यक्षज्यू महोदय,

६. अब म यस गाउपालिकाको अवस्था, हाम्रो पर्यत्न, सोँच र सम्भावनाको बारेमा संक्षेमा चर्चा गर्न चाहन्छु ।

७. चालु आर्थिक वर्षमा बजेट प्रस्तुत गर्दा स्पष्ट संगठन संरचना, आवश्यक जनशक्ति, स्रोत साधन, तथ्याङ्क तथा सूचना र आवश्यक प्रणालीको अभावमा बजेट कार्यान्वयन चुनौतिपूर्ण र जटिल देखिएको भएता पनि आर्थिक वर्षको अन्त्यसम्म आउँदा बजेटको कार्यान्वयन र परिसूचक सन्तोषजनक देखिएको छ ।

८. चालु आर्थिक वर्षको अन्तिम चौमासिक अवधिसम्म गाउँपालिकाको संगठन संरचना केही स्पष्ट भए पनि आवश्यक जनशक्तिको अभावमै केही उल्लेख्य काम भएका छन् । जग्गा प्राप्तिमा समस्याका कारण कार्यान्वयन हुन नसकेको प्रदेश सशर्ततर्फको कार्यक्रम बाहेक नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान तथा गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कृषि, पर्यटन, सहकारी, पूर्वाधार विकास, सामाजिक विकास, वन वातावरण, संस्थागत विकास लगायतका क्षेत्रगत योजना तथा कार्यक्रमहरु करिब शत् प्रतिशत भौतिक प्रगति हासिल हुने अवस्था देखिएको छ । सडक, खेलमैदान तथा भवनहरुको डिपिआर र कृषि, उद्यम, पर्यटनतर्फका समष्टिगत योजनाहरु तयार भई आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम थप प्रभावकारी हुने आधार तय भएको छ ।

९. भूमे गाउँपालिकाको चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्मको वित्तीय तथा भौतिक प्रगतिको विस्तृत विवरण सहितको प्रगति प्रतिवेदन यसै गरिमामय सभासमक्ष संलग्न गरिएको छ ।

१०. आगामी आर्थिक वर्षहरुमा गाउँपालिकाको समुन्नतिका लागि सामाजिक न्याय सहितको दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न लगानी तथा त्यसको उत्पादकत्व बढाउनु पर्नेछ । सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यबाट यो यो लक्ष्य हासिल गर्नुपर्नेछ । सरकारको बजेटको खर्चलाई प्रतिफलमुखी बनाउँदै पूजीगत

खर्च गर्न सक्ने क्षमता र पूँजीगत खर्चको गुणस्तर बढाउन प्रभावकारी बजेट कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनका साथै थप मेहनत गर्नु पर्नेछ । आगामी बजेट तथा कार्यक्रम यी विषयहरुलाई सम्बोधन गर्नेतर्फ परिलक्षित भएर घाटा बजेट प्रस्तुत गरिएको छ ।

११. नेपालको संविधानले निर्दिष्ट गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, नेपाल सरकार तथा प्रदेश सरकारका आवधिक योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यमस्तरीय आय भएको मुलुकमा स्तरोन्नति गर्ने मुलुकको लक्ष्यलाई आधार मानी यस गाउँपालिकामा पनि स्थानीय माटो सुहाउँदो गुरुयोजना तर्जुमा सोको मूल्य मान्यता र प्रथामिकता बमोजिम बजेट तथा योजना निर्माण गर्दै सोहीअनुरुपको बजेट चालु आर्थिक वर्षमा विनियोजन गरिएको छ।

१२. उचित मापदण्ड, प्रक्रिया र योजना नबनाई हचुवामा बजेट बाँडफाँड गर्न खोज्दा लक्षित समूह, कार्यक्रम, प्रवर्द्धनात्मक कार्यक्रमहरुबाट अपेक्षित नतिजा हासिल गर्न नसकिने यथार्थ हाम्रो विगतको तीतो अनुभव छ। बजेटको वस्तुगत विनियोजन र प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक स्थिरता, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाज निर्माण आवश्यक देखिन्छ । प्राकृतिक स्रोत साधनको प्रचुरता, कृषि, पर्यटन, व्यापारको अधिक सम्भावना बोकेको यस गाउँपालिकामा आर्थिक समृद्धि र विकासका थुप्रै सम्भावनाहरु रहेका छन् ।

सभाध्यक्ष महोदय तथा उपस्थित महानुभावहरु,

१३. यी सम्भावनाहरुलाई मूर्तरुप दिन यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छः

(क) स्थानीय तहको सरकार कार्यान्वयन

लामो समयदेखि एकात्मक र केन्द्रीकृत राज्य प्रणालीको अभ्यास भईरहेको अवस्थामा संघीयता र स्थानीय तहको सरकार अझै पनि नौलो प्रयोग हो । गाउँपालिकाको संस्थागत, प्राविधिक र स्रोत

परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणको लागि आवश्यक आन्तरिक स्रोतको व्यवस्था र सन्तुलन गर्ने कार्य हाम्रो लागि निकै चुनौतिपूर्ण छ ।

(ख) कार्यान्वयन क्षमता वृद्धि

यस गाउँपालिका भित्र सञ्चालन हुने विकास आयोजनाहरुको कमजोर तयारी र व्यवस्थापकीय क्षमता, निर्माण व्यवसायी र उपभोक्ता समितिको कमजोर वित्तीय र प्राविधिक क्षमता, कानूनी, नीतिगत र प्रक्रियागत जटिलताका कारण आयोजनाहरु तोकिएको समय सिमाभित्र सम्पन्न हुन नसक्ने तथा आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरुको काम गर्ने उत्साहमा कमी, नतिजा प्राप्ति प्रतिको उदासिनता र समग्र मानवीय क्षमताको कमीका कारण कार्यान्वयन क्षमता कमजोर हुने देखिन्छ । तसर्थ, संरचनागत अन्यौलता हटाएर विनियोजन, अनुगमन र व्यवस्थापनमा प्रभावकारिता ल्याई लक्ष्य बमोजिम कार्यसम्पादन गर्नु चुनौतिपूर्ण छ ।

(ग) आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि

स्थानीय माटो र हावापानी सुहाउँदो उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच वृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्नुपर्ने चुनौति छ । उत्पादित वस्तुको उचित बजार व्यवस्थापनका माध्यामबाट आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु अर्को चुनौति रहेको छ ।

(घ) औपचारिक अर्थतन्त्रको विकास

आर्थिक क्षेत्रको ठूलो हिस्सा औपचारिक क्षेत्रभन्दा बाहिर रहेको कारण अर्थतन्त्रको वास्तविक पहिचान गर्न गाह्रो छ । बैंक तथा वित्तीय संस्थाहरुको स्थापना हुन नसकेको अवस्थामा सबै आर्थिक कारोवारहरुलाई औपचारिक दायरामा ल्याई सबै आर्थिक कारोबारहरु बैकिङ प्रणाली मार्फत् गर्ने कार्य चुनौतिपूर्ण छ ।

(ङ) सार्वजनिक निर्माणको गुणस्तरीयता र संरक्षण

सार्वजनिक निर्माण कार्यको सुक्ष्म सुपरिवेक्षण, निर्माण व्यवसायीहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुने गरेका छन् । सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने र दोहोरो खर्च रोक्नुपर्ने र निर्मित सार्वजनिक सम्पतीको उचित उपयोग र संरक्षण कार्य चुनौतिपूर्ण छ ।

(च) सूचना तथा सञ्चार प्रविधिको विकास

भौगोलिक विकटताका साथै सूचना तथा सञ्चारको पहुँच नभएकाले विकास निर्माण, कार्यान्वयन, आपसी समन्वय, सेवा प्रवाहका क्रममा असहजता पैदा हुनुका साथै लागत समय र स्रोत महँगो पर्न जान्छ । गाउँपालिकाभित्रका सबै जनताले सूचना तथा सञ्चारमा सहज रुपमा पहुँच स्थापित गर्नका लागि आवश्यक सूचना तथा सञ्चार प्रविधिहरुको पूर्वाधारहरुको निर्माण र निजी क्षेत्रलाई आकर्षण गर्ने कार्य पनि चुनौतिपूर्ण छ ।

(छ) सुशासन अभिवृद्धि

सबै वर्ग क्षेत्रको अर्थपूर्ण सहभागिता, कानूनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौतिपूर्ण छ ।

सभाअध्यक्ष महोदय,

१४.हाम्रा सामु माथि उल्लिखित जस्तै थुप्रै चुनौतिहरु रहेता पनि समृद्ध नेपालको बलियो जगको रुपमा रहेको स्थानीय तहलाई मजबुट बनाउन आम जनताको उल्लेख्य तत्परता र सहभागिता, झारा प्रथा लगायतका स्वयंसेवा प्रणाली तथा मुद्रा परिचालन लगायतका प्रचुर सम्भावनाहरुको परिचालन मार्फत **सफा र हरियाली: समृद्ध भूमे** निर्माण गरी यहाँका नागरिकको जीवनस्तरमा गुणस्तरीयता ल्याउने अवसर प्राप्त भएको

छ । विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आर्थिक वर्ष २०७६।०७७ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरिएको छ। यो बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरेको छुः

१. नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आधारभूत आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा सकारात्मक सुधार गर्ने,

२. सबै वर्ग, लिङ्ग, समूहको अपनत्वकरण मार्फत समतामूलक सभ्य समाजको निर्माण र स्थानीय तहको सरकारको प्रभावकारिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्ने,

३. उपलब्ध स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग र समुचित परिचालन गरी उद्यमशीलताको विकास र रोजगारी सिर्जनाबाट आथिक वृद्धि र विकास गर्ने,

४. आर्थिक स्थायित्व कायम गर्ने तथा लगानीको वातावरण निर्माण गर्ने,

१५. यी उद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०७६।०७७ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छः

(क) कृषि, पर्यटन, उद्योग तथा भौतिक तथा मानव संशाधनको क्षेत्रमा जोड

(ख) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई लगायतका क्षेत्रमा जोड

(ग) कृषिको आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकरणका साथै घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड

(घ) पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन, जलविद्युत उत्पादन, उद्योग स्थापना लगायतका क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी आकर्षण तथा रोजगारी प्रवर्द्धन

(ङ) विपद् व्यवस्थापन, वन तथा भू–संरक्षण, जलवायु परिवर्तन अनुकूलन ।

(च) संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा नागरिकको जनसहभागिता सहितको सुशासनमा जोड ।

अध्यक्ष महोदय,

१६. अब यिनै चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

संघीयता कार्यान्वयन

१७. नेपालको संविधानमा व्यवस्था भएबमोजिम स्थानीय तहको सरकारले कार्यपालिकीय, व्यवस्थापकीय र न्यायपालिकीय हैसियत प्राप्त गरेको अवस्थामा गाउँ गाउँमा सिंहदरबारको अधिकार स्थानान्तरण भएको छ। स्थानीय तहले सेवा प्रवाह र विकास निर्माणका कार्यहरु आफैं सञ्चालन गर्न सक्ने अवस्थाको सिर्जना गर्न संघीय सरकार र प्रदेश सरकारले अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय अनुदान र सःशर्त अनुदान प्रदान गरेको छ । साविकमा विषयगत मन्त्रालयहरुबाट सम्पादन भइरेहका तर नेपालको संविधानको अनुसूची - ८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानीय तहबाटै संचालन हुने गरी स्रोत उपलब्ध गराईएकोमा सोही अनुरुप बजेट विनियोजन भएको छ । संघबाट शिक्षा, स्वास्थ्य, लघु जलविद्युत, महिला तथा बालबालिका, पशु र कृषि क्षेत्रको लागि रू. १२ करोड १० लाख सःशर्त अनुदानको रुपमा अनुदान प्राप्त भएको छ भने प्रदेश सरकारबाट शिक्षा तथा खानेपानी क्षेत्रमा विभिन्न ९ वटा आयोजनाहरु सम्पन्न गर्न रु. ९० लाख सःशर्त अनुदान प्राप्त भएको छ । सःशर्त अनुदान सहित प्राप्त कार्यक्रमलाई सोही क्रियाकलाप अनुसार कार्ययोजना बनाई गाउँ कार्यपालिका तथा सम्बन्धित विषयगत शाखा तथा इकाईबाट कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ ।

आर्थिक विकास

कृषि उत्पादकत्व वृद्धिः भूमेको समृद्धि

१८. कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा विकास गरी आय तथा रोजगारी सिर्जना, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र कृषि क्षेत्रको रुपान्तरणबाट आर्थिक समृद्धिका लागि कृषि क्षेत्रमा पर्याप्त

लगानी गरिनेछ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्ययमबाट जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवश्यकता र सम्भाव्यता अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणमा जोड दिइनेछ ।

१९. प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै थोपा तथा कुलो सिंचाई, मलखाद, बीउ बिजनको उपलब्धतालाई सहज गर्न कार्यक्रम बमोजिम बजेट विनियोजन गरिएको छ । मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्रको व्यवस्थापन तथा स्तरोन्नतिका लागि रु. ५० लाख १० हजार रकम विनियोजन गरिएको छ ।

२०. संविधान प्रदत्त खाद्य सम्बन्धी अधिकारलाई सुनिश्चित गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा आधारभूत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल गर्न कृषि प्रसार तथा बाली विकास कार्यक्रम मार्फत माटो परिक्षण र कृषि ल्याब, नर्सरी उत्पादन, संकलन केन्द्र सञ्चालन कार्यक्रम सञ्चालन गरिनेछ । **एक घर एक करेसाबारी** र नमूना कृषि फर्म सञ्चालन कार्यक्रम लागू गरिनेछ । समग्र कृषि क्षेत्रतर्फका कार्यक्रमहरुको लागि रू. एक करोड ६७ लाख ६६ हजार रकम विनियोजन गरिएको छ ।

२१. कृषिको अभिन्न अङ्गको रुपमा रहेको पशु स्वास्थ्य र नियमन, प्रजनन र प्रसार कार्यक्रमलाई नियमित रुपमा बढावा दिन र नश्ल सुधार लगायत पशु सेवा तर्फको कार्यक्रमका लागि रु. २७ लाख ६० हजार बजेट विनियोजन गरिएको छ ।

२२. निजी, सरकारी र सहकारी साझेदारीको अवधारणा अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणका लागि कृषि विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहलकदमी र व्यवस्था गरिनेछ । प्राङ्गारिक मल निर्माणलाई व्यवस्थित गरेर **अर्ग्यानिक उत्पादनः भूमेको पहिचान** भन्ने नारा कार्यन्वयनका लागि अर्ग्यानिक उत्पादन निर्यात प्रवर्द्धनमा जोड दिइनेछ । यसका लागि आवश्यक बजेट विषयगत शाखा तथा इकाईबाट कार्यान्वयन हुने व्यवस्था मिलाइएको छ ।

२३. भौगोलिक परिवेश, तुलनात्मक लाभ र बाली विशेष अनुसारको कृषि उत्पादन क्षेत्रहरु मार्फत कृषि उपज उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका लागि निर्मित खाबाङ बगर कृषि उपज संकलन केन्द्र र चुनबाङ कृषि उपज संकलन केन्द्रलाई सञ्चालनमा ल्याई उत्पादक र उपभोक्ता बीचको पुलको रुपमा व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

२४. कृषिको प्रमुख आधार सिंचाई भएकोले सिंचाई आयोजना संचालनको लागि जनसंख्या र भौगोलिक अवस्था तथा आवश्यकताको आधारमा नेपाल सरकार तथा प्रदेश सरकारबाट विनियोजित बजेटसँग नदोहोरिने गरी बजेट विनियोजन गरिएको छ। यसको लागि रू. २१ लाख रकम छुट्याइएको छ।

उद्योगको स्थापनाः रोजगारी र समृद्धिको सम्भावना

२५. औद्योगिक क्षेत्रमा बाह्य लगानी बढाउन स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित तत्काल रोजगारी सिर्जना गर्ने उद्योगलाई प्रोत्साहन गरिनेछ। जसका लागि सार्वजनिक निजी साझेदारी अनुसार उद्योग क्षेत्र विकासका लागि पूर्वाधार तयारीका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा वातावरण निर्माणका लागि रु. १० लाख विनियोजन गरिएको छ।

२६. मारिङ कृषि अनुसन्धान केन्द्रमा साना उद्यम संरचना निर्माण, घरेलु तथा साना उद्यम विकास प्रवर्द्धन र स्थानीय उत्पादनको मूल्य स्थानान्तरण वा अन्य सम्भावनायुक्त क्षेत्रमा उद्योग स्थापनाको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन बमोजिम ठोस कदम चालिनेछ। जसका लागि उद्योग क्षेत्रमा ३८ लाख ३५ हजार रकम विनियोजनको व्यवस्था मिलाएको छु।

पर्यटन क्षेत्रको पहिचानः संस्कृति संरक्षणमा हाम्रो अभियान

२७. पर्यटनलाई तुलनात्मक लाभको क्षेत्रको रुपमा विकास गर्न पर्यटन गुरुयोजना तर्जुमा गरिनेछ। कृत्रिम पर्यटकीय संरचनाको समेत निर्माण गर्ने कार्यलाई अगाडि बढाइने छ। प्राकृतिक तथा युद्ध पर्यटन प्रवर्द्धनका लागि यस वर्ष भ्यू टावर निर्माण सम्भाव्यता, महत युद्ध स्मारिका सुदृढीकरण, चुनबाङ भेरीडाँडा गणतन्त्र संग्रहालय,

शहिद वासु स्मृति नमूना विद्यालयलाई संग्रहालय, आदिवासी जनजाति संग्रहालयको विस्तृत योजना र सुदृढीकरणको लागि आवश्यक रकम विनियोजन गरिएको छ। पर्यटन क्षेत्रको विकासका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग अनुरोध गरी सहकार्य र साझेदारीमा कार्यक्रम अगाडि बढाउने व्यवस्था मिलाइनेछ।

२८. कृत्रिम तथा ऐतिहासिक पर्यटन विकासका लागि पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धनको क्षेत्रमा आवश्यक बजेट व्यवस्था गरिएको छ। ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, अध्ययन, संरक्षण, प्रवर्द्धन एवं प्रचार-प्रसार मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ। स्थानीय भाषा संस्कृतिको अध्ययन, पहिचान, संरक्षण र संवर्द्धनका लागि सरोकारवाला निकायहरुसँग आवश्यक पहल गरिनेछ। पर्यटन क्षेत्र योजना निर्माण तथा पूर्वाधार विकासका लागि कूल रु. ८६ लाख रकम विनियोजन गरिएको छ।

गाउँ गाउँमा सहकारीः घरघरमा भकारी

२९. सहकारीको प्राचीन रुप अर्मपर्म र झारा प्रथा अर्थात सामूहिक विकासमा स्वतःस्फूर्त सहभागी भै गैरमौद्रिक रुपमै दिगो विकासमा टेवा पुर्याउने किसिमले उदाहरणीय काम गरेका गाउँ/टोल/संस्थाहरु मध्येबाट उत्कृष्ट एक गाउँ/टोल/संस्थालाई प्रत्येक वर्ष प्रोत्साहन तथा अनुभव आदानप्रदानका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३०. सबै सहकारी संस्थाहरुले स्थानीय सम्भावना अनुसार उत्पादन तथा उद्योगहरुमा एक सहकारी मुख्य चिनारीको अवधारणा अनुसार काम गर्नुपर्ने व्यवस्था गरिनेछ। उत्पादन गरिएका उत्पादनहरुले उचित मूल्य प्राप्त गर्न सक्ने गरी मुख्य मुख्य बजारहरुमा सहकारी बजारहरुको विकास गरिनेछ। सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने नेपालको संविधानमा व्यवस्था भएको राज्यको नीति अनुरुप सहकारी संस्थाहरु प्रवर्द्धन तथा क्षमता विकास र उत्पादन प्रवर्द्धनका लागि रू. १३ लाख ५० हजार विनियोजन गरिएको छ ।

सामाजिक विकास

गुणस्तरीय शिक्षामा लगानीः दिगो समृद्धिको निशानी

३१. निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिंदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समयसापेक्ष गुणस्तर कायम गर्न सूचना तथा संचार प्रविधि (ICT) पूर्वाधारमा जोड दिइनेछ । सामुदायिक केन्द्रलाई ICT पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरिएको छ । गुणस्तरीय विद्यालय तथा सिकाइ केन्द्रहरुलाई प्रोत्साहन र पुरस्कारका साथै गुणस्तरहीन संस्थाले निश्चित समयभित्र सुधार गर्न नसके अन्यमा समाहित गर्ने तथा अनुदानको कटौती गर्ने नीति अवलम्बन गरिनेछ ।

३२. सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गरी व्यापक सुधार गर्न विद्यालय क्षेत्र सुधार योजनालाई प्रभावकारी कार्यान्वयन गरिनेछ । विद्यालय शिक्षालाई थप व्यवहारिक बनाउन शैक्षिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले प्रदेश सरकारसँगको समपूरक अनुदानमा शैक्षिक तालिम केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ । जसका लागि चालु आर्थिक वर्षमा प्रदेश सरकारसँग साझेदारी गर्न रु. ४० लाख रकम व्यवस्था गरिएको छ।

३३. माध्यामिक विद्यालयलाई नमूना विद्यालय निर्माणको लागि भौतिक संरचना निर्माण, मेशीनरी औजार खरिद, सुविधायुक्त शौचालयको निर्माण, पुस्तकालय स्थापना, कम्प्युटर शिक्षा, प्रयोगशालाको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरिनुका साथै थप व्यवस्थापनका लागि अन्य सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँग समन्वय गरिनेछ। नमूना विद्यालय निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ । शिक्षातर्फ कूल दुई करोड दुई लाख ९९ हजार रकम विनियोजन गरिएको छ ।

स्वास्थ्यमा लगानीः सुरक्षित भविष्य र दिगो जिन्दगानी

३४.कुनै पनि नागरिकले आर्थिक अभावमा आधारभूत स्वास्थ्य उपचारबाट बञ्चित हुनुपर्ने अवस्थालाई अन्त्य गर्न स्वास्थ्य संस्थाहरुको सुदृढीकरण र नयाँ स्वास्थ्य संस्थाहरुको थप गरिनेछ। आगामी आर्थिक वर्षभित्र गाउँपालिकामा ल्याब स्थापना, भ्याक्सिन स्टोर तथा द्रुत प्रतिकार्य टोली परिचालनका लागि आवश्यक स्रोत साधनका लागि बजेट व्यवस्था गरिएको छ।

३५. आगामी तीन वर्षभित्र सबै गाउँवासीले स्वास्थ्य बीमा गर्ने लक्ष्य सहित स्वास्थ्य बीमा योजना कार्यान्वयनमा ल्याउन अति विपन्न वर्गको स्वास्थ्य बिमाका लागि आवश्यक बजेट विनियोजनको व्यवस्था गरिएको छ। गाउँपालिकाका सबै वडाहरुमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, प्रसुति गृहको स्तरीकरण, व्यवस्थापन र गाउँघर क्लिनिक संचालन तथा व्यवस्थापन लगायतका स्वास्थ्य विशेष कार्यक्रमहरुलाई विशेष जोड दिइनेछ। स्वास्थ्य संस्थामा प्रसुति गराएमा न्यानो झोलाका साथै पोषण झोला समेत उपलब्ध गराइनेछ। समग्र स्वास्थ्य क्षेत्रका लागि सशर्त अनुदान बाहेक रु. ७२ लाख ६३ हजार बजेट विनियोजन गरिएको छ।

सफा र शुद्ध खानेपानीः सरसफाइ गर्ने हाम्रो बानी

३६. आगामी २०७८ सम्म पूर्ण सरसफाइयुक्त गाउँपालिका निर्माण गर्न भूमे गाउँपालिकाको ५ वर्षे रणनीतिक सरसफाइ कार्ययोजना कार्यान्वयनका लागि रु. १६ लाख बजेटको व्यवस्था गरिएको छ। पूर्ण सरसफाईयुक्त वडा घोषणा गर्ने अभियानका लागि कार्यक्रम प्रभावकारी ढङ्गले अगाडी बढाइनेछ। सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन र व्यवस्थापनका लागि सरसफाई अभियान सञ्चालन र सार्वजनिक स्थल तथा विद्यालयहरुमा शौचालय निर्माण र फोहर व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको निःशुल्क वितरणको व्यवस्था मिलाइएको छ। खानेपानी निर्माण र संरक्षण तथा सरसफाई प्रवर्द्धनका लागि कूल एक करोड २८ लाख छ सय रुपैयाँ रकम व्यवस्था गरिएको छ।

मौलिक कला र संस्कृतिः हाम्रो पहिचान र सम्पत्ति

३७. भूमे नाच, पैसेरु नाच, ढङ्गे नाच, नचारु, मयुर नाच लगायतका मौलिक, ऐतिहासिक र साँस्कृतिक महत्व बोकेका नाच, बाजागाजा, मठमन्दिर, चर्च, भाषा, साहित्यजस्ता क्षेत्रको संरक्षणका साथै संस्कृतिको पुस्तान्तरण प्रवर्द्धन लगायतका समग्र संस्कृति प्रवर्द्धन शीर्षकमा रु. २६ लाख १७ हजार बजेट विनियोजन गरिएको छ

युवा, खेलकूद तथा मनोञ्जन

३८. युवाहरुलाई गाउँपालिकाको Youth Think Tank को रुपमा विकास गर्न गाउँपालिकामा युवा विकास केन्द्र स्थापनाका लागि आवश्यक कानूनी र संरचनागत व्यवस्था आर्थिक वर्ष २०७६।०७७ भित्रै गरिनेछ। युवाको विकासको लागि गुणस्तरीय र व्यवसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षा, परिचालन, सहभागिता र नेतृत्व विकासका साथसाथै खेलकूद र मनोरञ्जन क्षेत्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। खेलकूद क्षेत्रको प्रवद्र्धन गर्न वडा स्तरिय खेलकूद आयोजना, गाउँ स्तरीय खेलकूद टिम परिचालन र सीप विकास, खेलमैदान निर्माण तथा तारबार, खेलकूद सामग्रीको व्यवस्था गर्न युवा तथा खेलकूद मनोरञ्जनका लागि समग्र रुपमा रू. ५३ लाख २९ हजार रकम विनियोजन गरिएको छ।

लैंगिक समानता र सामाजिक समावेशीकरणः सबैलाई बराबर व्यवहार र मूलप्रवाहीकरण

३९. महिला, बालबालिका, अपांग, आदिवासी जनजाती, दलित, ज्येष्ठ नागरिक र विपन्न वर्ग क्षेत्र लगायत पिछडिएको वर्ग समुदायको उत्थानको लागि सामाजिक विकास शाखाबाट सञ्चालन हुने गरी सामाजिक समावेशीकरण तथा सशक्तिकरण कार्यक्रमका लागि प्रतिशतमा आधारिध रकम विनियोजन गरिएको छ। वस्तीस्तरबाट योजना तथा कार्यक्रम छनौट गर्दा निश्चित प्रतिशतभन्दा नघट्ने गरी बजेट विनियोजयनको व्यवस्था मिलाइएको छ। यसबाट सशक्तीकरण, क्षमता विकास, पूर्वाधार निर्माण लगायतका लक्षित वर्गसँग

सम्बन्धित योजना र कार्यक्रम कार्यान्वयनको लागि महिला, बालबालिका, अपांग, जनजाती, दलित, ज्येष्ठ नागरिक, विपन्न वर्गको लागि लक्षित समूह विकास कार्यक्रमको प्राथमिकताका आधारमा लाभान्वितको सुनिश्चितता गराईनेछ । वस्तीस्तरबाट छनौट भएका र गाउँपालिकाबाट थप कार्यक्रम समेत गरी लैंगिक समानता र सामाजिक समावेशीकरणतर्फ कूल दुई करोड १३ लाख पचपन्न हजार रकम विनियोजन गरिएको छ ।

दिगो पूर्वाधारः गुणस्तरीय जीवनको आधार

स्थानीय सडक तथा पुल

४०. अन्तर गाउँपालिका, अन्तर वडा र अन्तर गाउँसम्म सडक संजाल विस्तारका लागि सडक नपुगेका ठाउँहरुमा नयाँ ट्र्याक खोलिने छ । गाउँपालिका क्षेत्रभित्रका मुख्य सडक र सहायक सडकहरुको निर्माण, मर्मत र स्तरोन्नतिका लागि विशेष पहल गरिनेछ । ग्रामीण सडक यातायातलाई निरन्तर सुचारु गर्न आवश्यक व्यवस्था मिलाइनेछ । आवतजावतमा कठिनाई भएका गाउँटोलहरु जोड्न अस्थायी काठेपुल, आरसिसी पुल, गोरेटो तथा घोडेटो बाटो निर्माणलाई समेत जोड दिइएको छ । चालु आर्थिक वर्षमा सबै गाउँहरुमा सडक सञ्जालले जोड्ने व्यवस्था मिलाइनेछ । जसका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँगको साझेदारीमा समेत कार्यान्वयन गर्ने गरी सडक तथा पुलतर्फ रु. २ करोड ३० लाख २७ हजार रकम विनियोजन गरिएको छ । पूर्वाधार विकासमा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत समेत बेरोजगार व्यक्तिहरु परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।

४१. गुरुयोजनाको प्राथमिकता तथा आवश्यकताका आधारमा गाउँ कार्यपालिकाबाट निर्णय गरी थप सडक पुल तथा झोलुङ्गे पुल निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

बलियो भवन, व्यवस्थित शहरः नमूना भूमेको रहर

४२. सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ । गाउँपालिकाभित्र रहेका सबै घरहरुको तथ्यांक संकलन तथा वर्गीकरण कार्य तीब्र रुपमा अघि बढाउने कार्यका लागि आवश्यक बजेट विनियोजनको व्यवस्था गरिएको छ । शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा कडाइका साथ कार्यान्वयन गरिनेछ ।

भूमेको दियालोः उर्जाको उज्यालो

४३. निर्मित लघु तथा साना जलविद्युत आयोजनाहरुलाई व्यवस्थित गरिनेछ। सम्भावनाका आधारमा आन्तरिक तथा अन्तर स्थानीय तहबीच लगानीको वातावरण निर्माण गरी उर्जा क्षेत्रलाई शक्ति र अर्थको स्रोतको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

४४. प्रारम्भिक अध्ययन कार्य सम्पन्न भैसकेको थबाङखोला जलविद्युत आयोजनाको विस्तृत प्रतिवेदन तयार गरी आगामी आर्थिक वर्षभित्रै आयोजना निर्माण सुरु गर्न बजेट व्यवस्था गरिएको छ । आयोजना सञ्चालनका लागि गाउँपालिकाको बजेट तथा आन्तरिक ऋणबाट स्रोत व्यहोर्ने गरी व्यवस्था मिलाइएको छ । उक्त आयोजनालाई संघीय सरकार तथा प्रदेश सरकारसँगको साझेदारीमा आयोजना निर्माण गर्नका लागि आवश्यक पहल गरिनेछ ।

वातावरण तथा विपद् व्यवस्थापन

वन तथा भू-संरक्षण र जलाधार संरक्षण

४५. "सफा र हरियालीः समृद्ध भूमे" नारालाई सार्थक तुल्याउन "एक घर दश फलफूल" कार्यक्रम र **वृक्षारोपन वर्ष २०७६** मार्फत वन संरक्षणमा जोड दिइनेछ। वृक्षारोपन वर्षलाई ग्रामीण सडकहरुमा फ्रुट करिडोर तथा ग्रीन करिडोरको अवधारणालाई मूर्तरुप दिन रु. २० लाख ८० हजार बजेट विनियोजन गरेको छु।

४६. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गरिनेछ। वन क्षेत्रको विकास र विस्तारको लागि वैज्ञानिक वन व्यवस्थापन कार्यलाई अगाडी बढाइनेछ । सामुदायिक वन

विकास कार्यक्रम, पहिरो गएको र नाङ्गा डाडाँहरुमा वृक्षारोपण, डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । जल तथा भूमिको संरक्षण, पानीको मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा अभियान संचालन गरिनेछ। मुहान सफा राख्ने, मुहान वरिपरि विरुवा रोप्ने, मुहान संरक्षण गर्ने कार्यलाई कडाईका साथ लागू गरिनेछ। महत्वपूर्ण नदी, खोला, ताल, सिमसार क्षेत्रको पहिचान र संरक्षणमा विशेष जोड दिईनेछ ।

वातावरण संरक्षण तथा जलवायु परिवर्तन

४७. वन तथा वातावरणीय संरक्षणमा जोड दिई जलवायु परिवर्तनका असर र प्रभावलाई न्यूनिकरण गर्न जलवायु परिवर्तनका कारक तत्वहरुको पहिचान गरी ती तत्वहरुको न्यूनिकरणको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी संचालनमा ल्याईनेछ । विपद व्यवस्थापन र जलवायु परिवर्तनलाई आवद्धता गरिनेछ ।

विपद् व्यवस्थापन

४८. विपद् व्यवस्थापनका लागि **विपद तथा जलवायु उत्थानशील योजना** तर्जुमा गरी विपद् पूर्व, विपद्को अवस्थामा र विपद्पछिको अवस्थामा अपनाउनुपर्ने उपाय तथा पुननिर्माण र पुनर्स्थापना कार्यहरुको बारेमा जनचेतना फैलाउन वडास्तरमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। सबै वडामा विपद् जोखिम न्यूनिकरण समिति गठन गरिनेछ । गाउँपालिकामा स्थापित विपद् जोखिम कोषमा रकम उक्त कोषमा संचित हुने व्यवस्था मिलाइएको छ। उक्त कोषमा वार्षिक रुपमा सबै पदाधिकारी तथा कर्मचारीहरुले अनिवार्य रुपमा कम्तिमा २ दिनको पारिश्रमिक जम्मा गर्ने व्यवस्था गरिएको छ । विपद जोखिम कोषको सञ्चालन तथा व्यवस्थापन निर्देशिका बमोजिम कार्यान्वयन गरिनेछ । चालु आर्थिक वर्षमा योजना तर्जुमा र क्षमता विकास कार्यक्रमका लागि रु ८ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।

संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह

४९. घना र बाक्लो वस्तीहरुमा फोहरमैला तथा ढल निकासको उचित प्रबन्ध गरी स्वस्थ र सफा गाउँमा बस्न पाउने नागरिकको अधिकारलाई क्रमशः सुनिश्चित गरिनेछ। आगामी आर्थिक वर्ष काँक्री ठूलो गाउँ, सिमा गाउँ, काँडा गाउँ र लाबाङ वस्तीमा ढल निकास प्रबन्ध गर्न रु. २७ लाख ४० हजार रकम विनियोजन गरिएको छ।

संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह

५०. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन पदाधिकारी र कर्मचारीहरुलाई समय समयमा ज्ञान, सीप अभिवृद्धि गर्ने खालको क्षमता विकास तालिम, अभिमुखिकरण तथा पुनर्ताजगी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

५१. संस्थागत सक्षमता र संस्थागत स्मरणलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधार निर्माण, आधुनिक नागरिक वडापत्र, सेवा प्रवाहमा मापदण्ड निर्माण तथा सेवाप्रवाहमा विद्युतीय सूचना प्रविधिको विकासका लागि अध्ययन, विकास र सञ्चालनका आवश्यक बजेटको विनियोजन गरिएको छ।

५२. आम नागरिकको सूचनाको हकको प्रत्याभूति दिलाउन तथा सूचना तथा तथ्यांक व्यवस्थापनको लागि सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ। संगठनले गरेका कार्य प्रगतिको सम्बन्धमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

५३. संघीय सरकार तथा प्रदेश सरकारसँग स्थानीय तहको साझेदारीमा सञ्चालन हुने आयोजनाहरुको लागि समपूरक कोष तथा स्थानीय संघसंस्थाहरुसँग समेत साझेदारीमा आयोजना सञ्चालन गर्न सकिने गरी आयोजना छनौट तथा आवश्यक बजेट विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,

५४. आर्थिक वर्ष २०७६।०७७ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ । आर्थिक वर्ष २०७६।०७७ का लागि रू. ३७ करोड ४९ लाख ८६ हजार दुई सय विनियोजन गरिएको छ । कुल विनियोजनमध्ये चालुतर्फ रु. १७ करोड ५४ लाख ५६ हजार मात्र अर्थात ४६ दशमलव ७९ प्रतिशत र पूँजीगत तर्फ रु. १९ करोड ९५ लाख ३० हजार दुई सय अर्थात ५३ दशमलव २१ प्रतिशत रहेको छ ।

५५. आगामी आर्थिक वर्ष २०७६/०७७ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रू. ४७ लाख ९४ हजार, राजस्व बाँडफाँड बाट रु. ८ करोड २ लाख ७८ हजार तथा गत वर्षको अनुमानित मौज्दात रु १ करोड २० लाख गरी आन्तरिक आयबाट जम्मा रु. ८ करोड ५० लाख ७२ हजार अर्थात २३ दशमलव ६९ प्रतिशत, वित्तीय समानीकरण अनुदानबाट रू. ११ करोड २१ लाख ४३ हजार अर्थात् २९ दशमलव ९१ प्रतिशत, सःशर्त अनुदानबाट रू. १३ करोड अर्थात् ३४ दशमलव ६७ प्रतिशत र स्थानीय जनसहभागिताबाट रू. ७० लाख ६४ हजार दुई सय अर्थात् २ प्रतिशत स्रोत व्यहोरिनेछ । अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड तथा आन्तरिक आय परिचालन गर्दा पनि नपुग हुने रकम रु. ८५ लाख सात हजार आन्तरिक ऋणबाट व्यहोरिनेछ ।

५६. आर्थिक वर्ष २०७६/०७७ का लागि गैरसरकारी संस्थाहरुको कार्यक्रम समेत वार्षक कार्यक्रम सहित बजेट प्रस्ताव प्राप्त भएको छ । उक्त बजेट रकम गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरी प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ ।

अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु,

५७. आर्थिक वर्ष २०७६/०७७ का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन्:

(क) कर गरेर कर उठाउनुपर्ने अवस्थाको अन्त्य गर्न सचेतना कार्यक्रम मार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।

(ख) वडा कार्यालय र गाउँ कार्यपालिकाबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गर्ने ।

(ग) वित्त भए चित्त ठूलो हुन्छ भन्ने कथन बमोजिम आन्तरिक राजश्व परिचालनमा दिगो वृद्धिदर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने।

(घ) स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने ।

(ङ) आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने ।

(च) कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।

५९.माथि उल्लेखित उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछन्:

(क) सार्वजनिक सेवा र राजश्वबीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट बञ्चित गराउने नीतिको अवलम्बन गरिनेछ ।

(ख) करको दरभन्दा दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ।

(ग) राजश्व संकलनको लागि आवश्यक जनशक्ति परिचालन गरी करदातालाई सहज रुपमा कर तिर्ने वातावरण निर्माण गरिनेछ ।

(घ) कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको प्रस्ताव तयार गरी लागू गरिनेछ ।

(ङ) करदाताले तिरेको करको जानकारी दिने गरी एकीकृत कार्ड बनाई निजलाई उपलब्ध गराईने व्यवस्थाको सुरु गरिनेछ र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाइनेछ ।

(च) करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।

अध्यक्ष महोदय तथा उपस्थित महानुभावहरु,

६०.बजेट तर्जुमा तथा बजेट छलफलको क्रममा आ–आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण पदाधिकारीज्यूहरु, कर्मचारी साथीहरु, बुद्धिजीवि वर्ग, नागरिक समाज तथा सामुदायिक संघसंस्था सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

६१.अन्त्यमा, समृद्ध भूमे गाउँपालिका निर्माणका लागि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा निरन्तर सहयोग, सद्भाव र चासोका साथ उत्प्रेरणा र सहयोग प्रदान गर्नुहुने आम शुभेच्छुक, भूमेबासी जनता, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं । जसरी बजेट तर्जुमामा सहयोग र सद्भाव प्राप्त भयो, त्यसैगरी बजेटको सफल कार्यान्वयनमा पनि सबैको खुला सहयोगको अपेक्षा गर्दछु।

६२.हामी इतिहास निर्माणको चरणमा छौं । हाम्रो यात्रा कठिन छ तर भविष्य उज्वलमय छ । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिवद्ध, प्रतिवद्ध र एकतावद्ध बनौं। उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं ।

धन्यवाद ! मनकुमारी बुढा (वष्ट)